झलनाथ खनाल
पूर्वप्रधानमन्त्री
सम्मानित नेता तथा विदेश विभाग प्रमुख
नेकपा (एकीकृत समाजवादी)

Jhala Nath Khanal
Former Prime Minister
Respected Leader and Chief of
International Department,
CPN (Unified Socialist)

## भावपूर्ण श्रद्धाञ्जली !!!

संबिधान सभाका अध्यक्ष,नेकपा (एमाले) पार्टीका उपाध्यक्ष तथा प्रतिनिधि सभाका सदस्य कमरेड सुवासचन्द्र नेम्बाङको आज बिहान हृदयघात भएर असामयिक निधन भएको खबरले मलाई स्तब्ध बनाएको छ । यस दुखद घडीमा सर्वप्रथम म भद्र नेता कमरेड सुबासचन्द्र नेम्वाङ प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछुं । साथै वँहाकी जीवन संगिनी तथा वहाँको शोक सन्तब्ध परिवार जनप्रति गहिरो समवेदना प्रकट गर्दछु ।

सुवासचन्द्र नेम्बाङ मेरो सातौं कक्षा देखिको सहपाठी साथी हुनुहुन्थ्यो । हामीले माध्यमिक शिक्षा सगै पढ्यौ । त्रिचन्द्र कलेजमा आई.एस.सी सगैं पढ्यौ । हामीले त्रिभुवन बिश्वबिद्यालयबाट स्नातक पनि सँगै गऱ्यौं । मैले नै वहाँलाई २०२९ साल देखि प्रगतिशिल पार्टी राजनीतिमा आउन प्रेरित पनि गरेको हो । कोअर्डिनेसन कालदेखि नेकपा निर्माणको काल सम्म वहाँ र म एउटै पार्टीमा लामो समय सगै काम गऱ्यौं । ०४६ सालको परिबर्तन पछि शुरुमा वँहा राष्ट्रिय सभा सदस्य बन्नुभयो । त्यसपछि मैले नै वहाँलाई इलामबाट जनप्रतिनिधि बन्न प्रेरित गरे । हामी सगैं अनेक पटक इलामबाट संसदमा पनि प्रतिनिधित्व गऱ्यौ । वँहा पटक पटक प्रतिनिधि सभाको सभामुख बन्नुभयो । संविधान सभामा समेत हामी सगैं निर्वाचित भयौ । त्यही सिलसिलामा एकै समयमा म प्रधानमन्त्री भए । वहाँ संविधान सभाको अध्यक्ष निर्वाचित हुनुभयो । यी इतिहासका सुखद संयोगहरु हुन । तर आज वहाँको दुःखद निधन भएको खबरले मलाई मर्माहत बनाएको छ ।

कमरेड सुवासचन्द्र नेम्बाङ एउटा सरल स्वभावको मृदु भाषि नेता हुनुहुन्थ्यो । वँहा एउटा कुशल सांसद हुनुहुन्थ्यो । निकै लामो समय वहाँले सभामुख भएर संसद परिचालनमा पनि महत्वपूर्ण योगदान दिनुभयो । संविधानसभा अध्यक्ष भएर आजको संविधान निर्माण गर्ने काममा पनि वँहाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । हामी अलग पार्टीमा हुँदा पनि हाम्रा बीच सधैं सम्पर्क र सम्बन्ध भइरहन्थ्यो । पार्टी बिभाजन भएको प्रति वहाँ निकै दुखि हुनुहुन्थ्यो । मिलेर काम गर्ने उपाय के हुन सक्छ भन्ने बारेमा हाम्रा बीच चर्चा भइरहन्थ्यो । आखिर अनेक सम्भावना अगाडि हुँदाहुँदै पनि वहाँको यो दुखद निधन भएको छ ।

यो आफैंमा एउटा प्राकृतिक नियम हो । अजम्बरी कोहि पनि छैन । हर दुखलाई शक्तिमा परिणत गर्दै अघि बढ्नुको बिकल्प छैन । यतिबेला वहाँको पार्थिव शरीर हामी माझ नरहे पनि वहाँले नेपालको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन र समाजबादी आन्दोलनमा गर्नुभएका योगदानहरु सबैका सामु छन । तिनै योगदानहरुमा हामी हाम्रो प्रिय साथी, सहपाठी र कमरेड सुवास नेम्वाङलाई भेटिरहने छौं । अन्त्यमा प्रिय कमरेड सुवास नेम्बाङ ! विदा!! अलविदा !!!

२६ भाद्र,२०८०

झलनाथ खनाल
पूर्वप्रधानमन्त्री
तथा
सम्मानित नेता,नेकपा (एकीकृत समाजवादी)

014271956 9851108199 jhalanath1950@gmail.com @jhalanath1950